

# निरन्तर कलाकारितामा शारदा चित्रकार



- अमिका राजथला

**शारदा चित्रकार**ले एक कार्यक्रमको उदघाटन गर्नुहुने कार्यक्रम थियो । उहाँले उदघाटन आफ्नो मौलिक तरिकाले गर्नुभयो-पाँचमिनेट भित्र गणेशको चित्र बनाएर । गणेशको पूजा गरेर कार्यारम्भ गरिने हिन्दु नेपाली परम्पराको निर्वाह गर्दै भएको उदघाटनबाट कला, क्षमता तथा कलाकारिताको परख पनि भएको थियो ।

तत्कालै चित्रकलामा कौशल देखाउन सक्ने शारदा चित्रकारले कहिलेदेखि आफ्नो कलायात्रा थाल्नुभयो ? सानैमा, साँवाअक्षर सिक्नुभन्दा अगाडि नै चित्रकलाको शुरुवात गरिएको उहाँको अनुमान छ ।

बुबा तेज बहादुर चित्रकारले भारतबाट चित्रकलाको औपचारिक शिक्षा हासिल गर्नु भएको थियो । सरकारबाट तत्कालीन अवस्थामा स्थापित जुध्दकला पाठशालाको (हाल त्रिभुवन विश्वविद्यालयबाट मान्यता प्राप्त ललितकला क्याम्पसमा रुपान्तरित भएको) प्रशिक्षकको कार्यभार सम्हाल्ने अभिभारा बुबा तेज बहादुरले सफलतापूर्वक निर्वाह गर्नुभएको थियो ।

तँलाछी, काठमाडौंमा १९९८ सालमा जन्मनुभएकी शारदाको लागि आफ्नो घरनै चित्रकलाको विद्यालय बनेको थियो । घरमा चित्रकला सिक्न आउनेहरू पनि त्यत्तिकै हुन्थ्यो, जुन उपस्थितिले पनि कलाकारितालाई निरन्तरता दिलाउन उहांलाई प्रोत्साहित गरेको थियो । आफुलाई खान दिइएको फलफुल होस् या अन्य केही त्यसको चित्र बनाएपछि मात्र उहाँ खानु हुन्थ्यो । अभ्यासको लागि दिइएको गृहकार्य (चित्रकला)को बुबा विद्यालयबाट फर्किएपछि जाँच हुन्थ्यो । यिनै पृष्ठभूमिमा हुर्कनुभएकी शारदा चित्रकारले आफ्नो कला कौशललाई तिखार्दै ल्याउनुभयो । कलम, कुची, रंगसँगको अभ्यास सानैदेखि भएको कारण उहाँको दक्षता पनि सोही अनुसार बृद्धि हुदै गयो ।

चित्रकारी काम नेवार लोक चित्रकला पुंज्या (बौद्ध तथा हिन्दु धार्मिक संस्कारको कार्य तथा चाडबाडका बेला चाहिने चित्र बनाउने काम) छोटो समयमा सिध्याउनु पर्ने हुँदा यस काममा शारदाको सहयोग बुबालाई सधैं हुने गर्दथ्यो । यस अभ्यासले उहाँको क्षमतामा अझै बृद्धि गराउन सघाएको थियो ।

पाँच दशकभन्दा बढी समयदेखि चित्रकलालाई निरन्तरता दिँदै आउनुभएकी शारदामा पानी रङ तथा मसी कलमको शैलीमा विशेष दख्खल छ । साथै एक्रेलिक तथा तैल रंगमा दृश्य चित्र, ब्यक्ति चित्र, वास्तुकला आदिको स्थलगत चित्र आदिमा उहाँ रमाउनुहुन्छ। सांस्कृतिक झलक तथा क्रियाकलाप आदिका थुप्रै खाले चित्र कला उहाँले सिर्जना गर्नुभएको छ ।

सन् १९५६मा नेपाल रसिया कुटनीतिक सम्बन्ध स्थापित भएपछि पहिलो पटक सन् १९६०मा रुसका तत्कालीन राष्ट्रपति मार्शल भोरोशिलोभको नेपालमा राजकीय भ्रमण भएको थियो ।उक्त भ्रमण हुँदा शारदाका बुबालाई स्वागत द्वारमा सजावटको लागि चित्रकला बनाउने काम धेरै आएको थियो । उक्त भ्रमणताका शारदामा चित्रकारिताप्रति यति लगाव र दक्षता थियो कि उहाँ ग्राफमा नकोरी सिधै पोट्रेट बनाउनुहुन्थ्यो । शारदाले तत्कालीन अवस्थामा स्वागत द्वारमा तत्कालीन राष्ट्रपतिको चित्र बनाउन उहाँको बुबालाई धेरै सघाउनुभएको थियो ।

तत्कालीन समाजमा घर व्यवहारका काममा मात्र महिलालाई सीमित गराइने भए पनि शारदालाई बुबाले आफ्नो काममा दाहिने हातको रुपमा लिनुभएको थियो । छोरीले बनाएको चित्र आफना शिष्यलाई देखाएर गौरब गर्नुहुन्थ्यो, आगन्तुकलाई देखाएर छोरीलाई परिचित गराउँनुहुन्थ्यो । यति मात्र नभएर आफ्नो ब्यवसायिक स्टुडियोको नाम नै शारदा आर्ट स्टुडियो राख्नु भएको थियो। २०१८ सालमा उहाँ जनक शिक्षा सामग्री केन्द्रमा आर्टिष्ट पदमा जागिर खान जानुभयो । त्यतिबेला उहाँले ललितकला पाठशालाबाट तृतीयवर्ष पूरा गरिसक्नु भएको थियो । जनक शिक्षा सामग्री केन्द्रबाट प्रकाशित हुने पाठय सामग्रीमा चित्र लेख्ने कामगर्दा शारदालाई जागिर खाएको भन्दा चित्रकला कक्षामा बसिरहेको जस्तो महसुस हुन्थ्यो । शारदाले २०२५ सालमा जनक शिक्षाको सेवाबाट स्वेच्छिक अवकास लिनुभयो ।

शारदालाई चित्रकलामा उच्च अध्ययनका लागि विदेश गएर पढने रहर थियो तर छोरी भएकै कारण उहाँले यो मौका भने गुमाउनुभयो । यद्यपि निरन्तरको अभ्यासबाट उहाँले आफ्नो दक्षतालाई निखार्दै जानुभयो ।आफ्नो अभिभावकको स्याहारसुसार गर्दै होस् या पूजा र रंगका थाली बोकेर दौडिंदै होस् ।

२०२३ सालमा सम्पन्न पहिलो राष्ट्रिय कला प्रदर्शनीमा उहाँ पुरस्कृत हुनुभयो । आफ्नी हजुरआमा भुवनेश्वरी चित्रकारको मुहारचित्र उक्त प्रदर्शनीमा राख्नुभएको थियो । यो ठूलो पुरस्कारको राशी नभए पनि चित्रकलामा प्रगति गर्न निकै हौसला मिलेको उहाँको अनुभव छ ।

आफ्नो इच्छा र लगाव पूरा गर्न जस्तोसुकै उपाय अपनाउन पनि मानिस निरन्तर रुपमा लागिरहेकै हुन्छ । यही वास्तविकता लागू हुन्छ शारदामा पनि । उहाँ कुनै फोटोको आधारमा चित्र बनाउँनु रुचाउन हुन्न । सम्बन्धित ठाउँमैं जाँदा जति आनन्दले चित्रमा उतार्न सकिन्छ, फोटोबाट गर्दा त्यति रुचिकर नहुने उहाँको अनुभव छ । छोरी भएकोले दृश्य चित्र बनाउन एक्लै घरबाट जान नदिने हुँदा उहाँ आफ्नी आमा मनकेशरी चित्रकारलाई साथमा लिएर जानुहुन्थ्यो । पशुपति, स्वयम्भू ,भक्तपुर, पाटन आदि विभिन्न ठाउँमा जाँदा आमासँग पूजाको सामग्री हुन्थ्यो भने छोरी शारदासँग कुची, रंगलगायतका कलाकारिताका सामग्री ।

२०२४ सालमा कोमल चित्रकारसँग विवाह गर्नुभएकी शारदा विवाहको खुशी मनाउन पोखरा भ्रमणमा जानुभयो । यो भ्रमण उहाँको चित्रकलाको लागि अनुपम समय बन्यो र उहाँले दश दिनभित्र १४ वटा स्थलगत दृश्यचित्र बनाउनुभयो ।

बनभोज आदिमा जाँदा पनि चित्रमैं हराएर बस्ने शारदाले घर व्यवस्थामा संलग्नहुँदै चित्रकलालाई निरन्तरता दिइरहनुहुन्थ्यो । बिर्सेर कदाचित भातै किन नडढोस्, आफ्नो मनमा खेलिरहेको चित्र तथा आफ्ना रुचिको दृश्यलाई चित्रमा नसमेटेसम्म चित्तै नबुझ्ने । उहाँ भन्नुहुन्छ "जस्तोसुकै अवस्थामा पनि चित्रकलाका लागि म समय निकालिहाल्थें ।"

सांस्कृतिक चित्रकारितामा नै हुर्किनु भएकी शारदाका थुप्रै चित्रकला "बुंगद्य:" (रातो मच्छिन्द्र)सँग सम्बन्धित छन् । यही निरन्तर लगनको प्रतिफलका रुपमा उहाँले २०६० सालमा सिद्धार्थ आर्ट ग्यालरीमा"बुगद्य:जात्रा"शीर्षकको एकल कलाप्रदर्शनी नै आयोजना गर्नुभयो । जुन प्रदर्शनीमा रातो मच्छिन्द्रनाथको बाह्रवर्षे मेलामा प्रत्यक्ष अध्ययन गरिएका र स्थलगत रुपमा चित्रण गरिएका चित्रकला प्रदर्शित थिए ।

प्राकृतिक तथा सांस्कृतिक दृश्य मात्र होइन महिला हिंसाका विरुद्धको अभियानमा पनि शारदाका कुचि घुमेका छन् । उहाँले अन्य कलाकारहरूलाई पनि त्यस अभियानमा लाग्न आव्हान गर्नुभयो र "महिला हिंसाविरुद्ध चित्रकला कार्यशाला-२०७०" आयोजना गर्नुभयो ।

उहाले नेपाल ललितकला प्रज्ञा–प्रतिष्ठान, लोककला विभाग प्रमुखको भूमिका पनि निर्वाह गर्नुभएको थियो । २०६६ सालमा नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको पहिलो कार्यक्रम महिला कला प्रदर्शनीको आयोजना गरेर यसलाई वार्षिक कार्यक्रमका रुपमा संचालन गर्नुभयो ।

राष्ट्रिय स्तरको लोककला प्रदर्शनी प्रत्येक वर्ष गरेर देशको सांस्कृतिक विविधतालाई संगाल्दै नेवार लोककला, मिथिला लोककला, थारु लोककला, अवधि लोककला, हिमाली लोककला आदिको जगेर्नाका लागि उहाँले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आउनु भएको छ ।

चित्रकार परिवारमा जन्मिएका कारण बंशाणुगत रुपमा गरिने पुंजाका काममा पनि उहाँको झुकाव तथा रुचि बढ्दै गएको थियो । यसैक्रममा नेवार लोककला पुंज्या:को अध्ययन अनुसन्धान गरी उहाँले पुस्तक नै प्रकाशन गर्नुभएको छ । यस लोककलाको बृहत प्रदर्शनी चित्रकार (पुं) समाजका तर्फबाट केही वर्षपूर्व नै आयोजना पनि गर्नुभएको थियो ।

कलायात्राको क्रममा उहाँले देश विदेशको भ्रमण गरी विभिन्न कलाशैलीको अवलोकन तथा अन्तर्राष्ट्रिय कलाको प्रत्यक्ष अध्ययन गर्नुभयो । यस सिलसिलामा भारत, पाकिस्तान, म्यानमार, श्रीलंका, चीन, थाइल्याण्ड, हंगकंग, सिंगापुर, मलेशिया, बेलायत, अमेरिका, क्यानडा, जर्मनी, फ्रान्स, इटाली, स्पेन, अष्ट्रेलिया, न्युजिल्याण्ड आदि देश पुग्नुभयो ।

अन्य कलाकलारहरूलाई पनि प्रोत्साहित गर्नको लागि विभिन्न अवसरमा कला कार्यशाला, प्रदर्शनी तथा प्रतियोगिताको आयोजना गर्न अग्रसर शारदाले महिला कलाकारलाई पनि विशेष ध्यानमा राख्दै कार्यक्रमहरूको आयोजना गर्दै आउनुभएको छ ।

बाल्यकालदेखि नै कला साधनामा निरन्तर अग्रसर हुने क्रममा उहाँले १३ वर्षमा आफ्नो झ्यालमा बसेर छिमेकीको घरको झ्यालको चित्र बनाएको समयलाई बिर्सन सक्नुभएको छैन। यस्तै झरीमा रुझ्दै गरेको परेवा, रातो मच्छिन्द्रनाथका चित्रहरू, पोखराका दृश्यहरू उहाँका लागि अविस्मरणीय छन्। बाल्यकालदेखि कला साधनामा लागेर पनि उमेर ढल्केपछि मात्र जनसाधारण समक्ष प्रस्तुत हुनसकेको अनुभव उहाँ महसुस गर्नुहुन्छ तर उहाँका कलाकारिताका गतिला नमुनाले उहाँको खटकेको मनलाई भने पुर्न सफल भएको छ।

**स्रोत सामग्रीः**

चित्रकार, शारदा ।२०७० ।पौराणिक नेबार लोककला पुंज्या । गाता-अन्तिम पृष्ठ ।

कलाकर्म । २०६५ साल ।वर्ष ४, अंक ९, पृष्ठ ३३-३५ ।

हसना म्यागेजिन । २०७३ साल ।